# डर्बान पछि वन र जलवायु परिवर्तन

## एसिया प्रशान्त क्षेत्रको एक दृष्टिकोण

अप्रिल २०१२



RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

FAO FIAT PANIS

CoDe REDD

यस पुस्तिकामा व्यक्त विचारहरू आयोजकहरूका होइनन् ।

**डर्बान पछि वन र जलवायु परिवर्तन**
**एसिया प्रशान्त क्षेत्रको एक दृष्टिकोण**

सर्वाधिकार : रिकफ्ट, एफ्एओ, र कोडिरेड अप्रिल २०१२
बैंकक, थाइल्याण्ड

फोटो सौजन्य : रिकफ्ट

RECOFTC – The Center for People and Forests
PO Box 1111, Kasetsart Post Office
Bangkok 10903, Thailand
Tel: +66 (0)2 940 5700
www.recoftc.org
email: info@recoftc.org

FAO Regional Office for Asia and the Pacific
Maliwan Mansion, Phra Atit Road
Bangkok 10200, Thailand
www.fao.org

CoDe REDD Philippines
Care of Non-Timber Forest Products Exchange Programme
for South and Southeast Asia
92-A Masikap Extension, Barangay Central, Diliman,
Quezon City 1100, The Philippines
http://ntfp.org/coderedd/

# परिचय

विगत दुई वर्षदेखि संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संस्था (एफ्एओ) र रिकफ्ट - वन र जनताका लागि केन्द्रले क्षेत्रीय स्तरमा विज्ञहरूलाई भेला गराई युएन्एफ्सिसिसि को पन्ध्रौं र सोह्रौं पक्ष राष्ट्रहरूको सम्मेलन (कोप १५ र १६) का उपलब्धिहरूका बारेमा विचार विमर्श सञ्चालन गर्दै आएको छ । परिणामस्वरुप कोपनहेगन पछि वन र जलवायु परिवर्तन : एसिया प्रशान्त क्षेत्रको एक दृष्टिकोण र कानकुन पछि वन र जलवायु परिवर्तन : एसिया प्रशान्त क्षेत्रको एक दृष्टिकोण, नामक पुस्तिकाहरू तयार गरी वृहत् रूपमा वितरण गरियो । यसको सर्वत्र स्वागत भयो ।

सन् २०१२ फेब्रुवरीमा जिआइजेड् - बिएम्यु, रेडनेट, नोराड, एएस्एफ्एन् र एस्डिसिको सहयोगमा रिकफ्ट, एफ्एओ र कोडिरेडले जलवायु परिवर्तन र वन सम्बन्धी १३ जना विज्ञहरूलाई फिलिपिन्सको क्युजोन सहरमा भेला गर ाई साउथ अफ्रिकाको डर्बान सहरमा २०११ को नोभेम्बर र डिसेम्बरमा भएको कोप १७ का निर्णयहरूले एसिया प्रशान्त क्षेत्रका वन क्षेत्रमा पर्ने प्रभावका बारेमा छलफल सञ्चालन गरेको थियो । यस पुस्तिकामा उक्त छलफल कार्यक्रममा व्यक्त गरिएका विशेषज्ञहरूका सुझावहरूका साथै छलफलमा उठेका मुख्यतया १३ वटा प्रश्नहरू र ती प्रश्नहरूका उत्तरमा केन्द्रित विषयहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

यो कार्यशालामा आफ्नो योगदान दिने सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिन चाहन्छौं । यो कार्यशाला सञ्चालन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने रेगन सुजुकी र मार्लेइ मुनेजलाई हृदय देखि धन्यवाद दिन चाहन्छौं । त्यसै गरी यो पुस्तिका लेखनमा सहयोग पुऱ्याउने बेन भिकर्स, जिम स्टेफेन्सन, र रेगन सुजुकीलाई पनि धन्यवाद दिन चाहन्छौं । यस अन्तर्क्रियामा सहजकर्ताको भुमिका निर्वाह गर्ने मार्लेइ मुनेज, बेन भिकर्स, रेगन सुजुकी, जिम स्टेफेन्सन, डोरिस क्यापिसट्रानो र मारिया क्रिष्टिना गुरेरोलाई पनि हृदयदेखि धन्यवाद दिन चाहन्छौं । अन्त्यमा उद्घाटन मन्तव्य राखिदिनु भएकोमा फिलिपिन्सका वातावरण र प्राकृतिक स्रोत विभागका सहसचिव र एफ्एओ एसिया प्रशान्त क्षेत्रीय कार्यालयका प्याट्रिक ड्रस्टलाई समेत आभार व्यक्त गर्दछौं ।

# मुख्य तेह्र प्रश्नहरू





**प्रश्न १.** डर्बानमा रेडप्लसका बारेमा के भयो ?

**प्रश्न २.** के वार्ताहरू सही दिशातर्फ उन्मुख छन् ?

**प्रश्न ३.** अन्तर्राष्ट्रिय सम्फौता भन्दा हामी कति टाढा छौं ?

**प्रश्न ४.** रेडप्लसमा कसरी लगानी गरिन्छ ?

**प्रश्न ५.** वनका लागि ऐच्छिक कार्बन बजारमा डर्बान निर्णयको प्रभाव कस्तो छ ?

**प्रश्न ६.** के सरलताले अधिकार सुरक्षालाई कमजोर बनाउँछ ?

**प्रश्न ७.** के वनमा आसृत जनताहरू सुरक्षित छन् ?





**प्रश्न ८.** के वन कार्बन लेखा प्रणाली सम्बन्धी नियमहरू प्रष्ट छन् ?

**प्रश्न ९.** हामीले अनुगमन, प्रतिवेदन र प्रमाणीकरणका लागि कसरी दक्षता बढाउन सकिन्छ ?

**प्रश्न १०.** के डर्बानसम्म आइपुग्दा गरिएका छलफलहरू एसिया तथा प्रशान्त क्षेत्रका लागि सकारात्मक छन् ?

**प्रश्न ११.** जमिनको प्रयोग, त्यसमा आएको परिवर्तन तथा वन (लुलुसिएफ्) का बारेमा के भयो ?

**प्रश्न १२.** स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण तथा पून:रोपणका बारेमा के हुनेछ ?

**प्रश्न १३.** जलवायु परिवर्तन अनुकूलनमा वनको भूमिका कस्तो छ ?

# शब्दका छोटकरी रूपहरू

| | |
|---|---|
| **ए/आर सिडिएम** | स्वच्छ विकास संयन्त्र अन्तर्गतको वृक्षरोपण तथा पून:रोपण |
| **एएसइएएन्** | दक्षिणपुर्वी एसियाका देशहरूको संगठन |
| **एएस्एफ्एन्** | दक्षिणपुर्वी एसियाका देशहरूको सामुदायिक वन सञ्जाल |
| **बिएमयु** | वातावरण, प्रकृति संरक्षण र आणविक सुरक्षा सम्बन्धी जर्मनी संघीय मन्त्रालय |
| **सिबिडि** | जैविक विविधता महासन्धि |
| **सिडिएम्** | स्वच्छ विकास संयन्त्र |
| **सिइआर्** | प्रमाणित उत्सर्जन कटौती |
| **सिओपि** | पक्ष राष्ट्रहरूको सम्मेलन |
| **इटिएस्** | उत्सर्जन व्यापार योजना (युरोपियन राष्ट्रहरुका) |
| **एफ्एओ** | संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि सङ्गठन |
| **एफ्पिआइसि** | स्वतन्त्र, पूर्व, सुसूचित सहमति |
| **एफ्आर्ए** | वन स्रोत आंकलन |
| **जिसिएफ्** | हरित जलवायु कोष |
| **जिएच्जि** | हरितगृह ग्यास |
| **जिआइजेड्** | जर्मनी विकास नियोग |
| **एल्एपिए** | स्थानीय अनुकूलन कार्य योजना |
| **एल्सिए** | लामो समयका लागि सहकार्य |
| **एल्युएल्युसिएफ्** | भुउपयोग, यसको परिवर्तन तथा वन (लुलुसिएफ) |
| **नोराड** | विकास सहकार्यका लागि नर्वेजियन नियोग |
| **एम्आर्भि** | मापन, प्रतिवेदन र प्रमाणीकरण |

| | |
|---|---|
| **नापा** | राष्ट्रिय अनुकूलन कार्य योजना |
| **रिकफ्ट** | जनता र वनका लागी केन्द्र |
| **रेड** | वन विनाश र क्षयीकरण रोकी कार्बन उत्सर्जन कम गर्ने कार्य |
| **रेडप्लस** | वन विनास र क्षयीकरण रोकी, वन संरक्षण गरी, दिगो वन व्यवस्थापन गरी तथा वनमा कार्बनको भण्डारण बढाई कार्बन उत्सर्जन कम गर्ने कार्य |
| **आर्इएल्** | उत्सर्जनको आधार तह |
| **आर्एल्** | आधार तह |
| **आर्एस्पिओ** | दिगो पाम आयलका लागि गोलमेच सम्मेलन |
| **एस्बिएस्टिए** | वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक अङ्ग |
| **एस्इएस्ए** | सामाजिक तथा वातावरणीय आँकलनका लागि मापदण्ड |
| **एस्डिसि** | विकास सहकार्यका लागि स्विस नियोग |
| **युएन्सिसिडि** | आदिबासी जनताका अधिकारको लागि संयुक्त राष्ट्र संघीय घोषणा पत्र |
| **युएन्ड्रिप** | आदिबासी जनताको हक अधिकारका बारेमा संयुक्त राष्ट्र संघको घोषणापत्र |
| **युएन्एफ्सिसिसि** | जलवायु परिवर्तनका लागि संयुक्त राष्ट्र संघीय संरचना महासन्धि |
| **भिसिएस्** | भेरिफाइड कार्बन स्ट्यान्डर |
| **युएन्एफ्एफ्** | वनका लागि संयुक्त राष्ट्र संघीय मञ्च |

# विज्ञहरू

**अन्ना लेहेमेन**
एलइएएफ् कार्यक्रम
युएस् एड
थाइल्याण्ड

**डा. एन्टोनियो जिएम् ला भिना**
एन्टिनियो स्कुल अफ गभर्मेन्ट
फिलिपिन्स

**इभि योङ**
वर्ल्ड वाइल्ड फन्ड फर नेचर
मलेसिया

**जोआन कार्लिङ**
एसिया इन्डिजिनियस पिपुल्स प्याक्ट
थाइल्याण्ड

**लोरेन्स आङ**
एन्टिनियो स्कुल अफ गभरमेन्ट
फिलिपिन्स

**म्याक्सेमिलियन कन्राड**
मिनिस्ट्री अफ नेचुरल रिसोर्सेस एण्ड इन्भारोमेन्ट
मलेसिया

**डा. प्रमोद कान्त**
इन्स्टिच्युट अफ ग्रिन इकोनोमी
इण्डिया

**रेशम डाँगी**
वन तथा भू-संरक्षण मन्त्रालय
नेपाल

**सेन्सन मार्क**
पिएन्जि इको फरेस्ट्री फोरम
पपुवान्युगिनिया

**साम्रेथ भान्ना**
फरेष्ट्री एड्मिनिष्ट्रेसन
कम्बोडिया

**डा. सुचित्रा चान्त्रागुण**
राष्ट्रिय निकुञ्ज, वन्यजन्तु तथा
वनस्पति संरक्षण विभाग
थाइल्याण्ड

**भिक्की टाउली कर्पुज**
टेवटेवा
फिलिपिन्स

**यायान हाडियान**
मिनिस्ट्रि अफ फरेष्ट्री
इन्डोनेसिया सरकार

# प्रश्न १

## डर्बानमा रेडप्लसका बारेमा के भयो ?



*"स्थानीय जनताहरू रेडप्लसको पैसा कहिले आउँछ भनेर प्रश्न गर्दछन् ।"*

**भान्ना साम्रेथ**

*"कानकुनको जस्तो रेडप्लसमा नाटकीय उपलब्धि डर्बानमा दोहोरिएन ।"*

**जोआन कार्लिङ**

रेडप्लसका बारेमा डर्बानको सम्मेलनमा कानकुनमा भएको सम्मेलनमा जस्तो प्रगति नभए तापनि छलफल तथा निर्णयहरूमा केही महत्त्वपूर्ण अभ्यास तथा परिर्वतनहरू प्रष्ट रूपले देखिए । रेडप्लसका सन्दर्भमा डर्बानमा वनबाट हुने कार्बन उत्सर्जनको मात्रा, सामाजिक र वातावरणीय सुरक्षाहरू तथा मापन, प्रतिवेदन र प्रमाणीकरण सम्बन्धी केही प्रष्टता आए तापनि आर्थिक लगानीको स्रोत र लाभांश वितरणका सम्बन्धमा धैरै प्रश्नहरू अनुत्तरित नै छन् ।

वैज्ञानिक र प्राविधिक सल्लाहको लागि सहायक अङ्ग (सब्स्टा) को निर्णयमा राष्ट्रिय रेडप्लस सुरक्षा कार्यको सूचनाका लागि बनाउन भनिएको सूचना प्रणाली पनि पक्ष राष्ट्रहरूले रेडप्लसको कार्यान्वयनका बारेमा अझ बढी अनुभव नबटुलन्जेल सम्मका लागि स्थगित गरियो । सुरक्षालाई अहिले प्रत्यक्ष रूपमा लामो समयका लागि गरिने सहकार्य (एल्सिए) सँग सम्बन्धित रेडप्लस लगानीसँग जोडिएको छ । यस कार्यलाई एउटा महत्त्वपूर्ण उपलब्धिको रूपमा लिइएको छ ।

बजारमा आधारित लगानीका लागि ढोका खोलिए पनि रेडप्लसमा लगानीको स्रोतका बारेमा बहस टुङ्गिएको छैन । रेडप्लसमा सार्वजनिक कोषको आवश्यकता सबै पक्षहरूले औंल्याएका छन् । विषेश गरी तयारी चरणमा वन सुशासन दरिलो बनाउन, अधिकार सुरक्षाको ग्यारेन्टी गर्न तथा मापन, प्रतिवेदन र प्रमाणीकरण कार्यलाई व्यवस्थित गर्नका लागि दातृ निकायको सहयोग चाहिन्छ ।

डर्बानमा भएका निर्णयहरूले रेडप्लसमा गरिएको लगानी कसरी स्थानीय सरोकारवालाहरूसम्म पुऱ्याउन सकिन्छ भन्ने बारेमा कमै मात्र मार्गदर्शन गरेकाछन्  । यसले कम्बोडिया जस्ता रेडप्लस परीक्षण परियोजना लागु गरेका देशहरूलाई परीक्षणबाट पाठ सिक्नका लागि केही अप्ठ्यारो बनाएको छ ।

साधारणतया पहिलेका पक्ष राष्ट्रहरू बिचका सम्मेलनहरूभन्दा हालको सम्मेलनले रेडप्लसमा लगानी सम्बन्धी छलफललाई खुल्ला र कम विवादित भने बनाएको छ । यसले कतारमा हुने कोप १८ मा राम्रो प्रगति गर्न सकिने कुरामा आशावादी बनाएको छ ।

# प्रश्न २

## के वार्ताहरू सही दिशातर्फ उन्मुख छन् ?

वार्ताहरूमा मिश्रित उपलब्धिहरू भएका थिए । धेरै प्रतिनिधिहरू डर्बानमा क्योटो अभिसन्धि सफलताको ग्यारेण्टी गर्ने कुरामा आशावादी भई गएका थिए । उनीहरू क्यानाडा र जापानले कुनै पनि सहमतिहरूलाई समर्थन नगर्ने घोषणा गरेकाले निराश भए । दुर्भाग्यवश आफ्ना औद्योगिकीकरण र आर्थिक विकासका खम्बाका रूपमा स्थापित भएका धेरै उर्त्सजन गर्ने विकास रणनीतिहरूलाई अनुसूची १ का विकसित देशहरूले आफ्नो ऐतिहासिक दायित्वको रूपमा स्वीकार गर्न आनाकानी गरेकाले क्योटो अभिसन्धि मर्ने आभास भयो ।

पक्ष राष्ट्रहरूको सत्रौं सम्मेलन (कोप १७) को मुख्य ध्यानाकर्षण गर्ने सकारात्मक विकास भनेको भविष्यमा उत्सर्जन कटौती गर्ने प्रण गर्नका लागि चीन र भारत जस्ता ठूला विकासोन्मुख देशहरूको इच्छा अनुरुप डर्बान मञ्चको स्थापना हो । डर्बान मञ्चले औद्योगिक र विकासोन्मुख देशहरूका बिचमा रचनात्मक छलफल तथा वार्ताका लागि प्रशस्त अवसर सहित नयाँ ठाउँ दिएको छ ।

तथापि यसको अर्थ साझा समस्या समाधानका लागि फरक फरक जिम्मेवारीको सिद्धान्त कमजोर भयो भन्ने पनि लाग्न सक्छ । त्यसैले चीन र भारतको यो प्रशंसनीय र पुरानो विचारधारा तोड्ने रचनात्मक कदमका बाबजुद यसलाई एसिया प्रशान्त क्षेत्रका देशहरूको दृष्टिबाट हेरिन भने बाँकी नै छ । यस सन्दर्भमा पक्ष राष्ट्रहरू बिचको समानताको ऐतिहासिक मुद्दालाई भने बिर्सनु हुँदैन ।

भविष्यमा हुनसक्ने उत्सर्जन कटौतीको सम्भावनाका बाबजुद चीन र भारतका सरकारी निकाय र निजी क्षेत्रहरूबाट पनि कमै मात्र यसको विरोध भयो । ऊर्जाको प्रभावकारी प्रयोग व्यापारिक रूपले फाइदाजनक तथा कम खर्चालु हुने अवसरका रूपमा उद्योगहरूले लिएकाले उत्सर्जन कटौती गर्ने सिद्धान्तको विरोध उनीहरूले पनि गरेनन् । बरु उद्योगहरूले वार्तामा रहेको प्रविधि हस्तान्तरणको सम्झौताले छिट्टै उत्सर्जन घटाउनुका साथै सम्भावित फाइदाहरू (तलै फलेका र सजिलै टिप्न सकिने फलहरू जस्तै) दिन्छन् भन्ने आशा गरेका छन् ।

सकारात्मक सोचका बाबजुद एसिया प्रशान्त क्षेत्रले अनुकूलन र न्यूनीकरण बिच सन्तुलन गराउने कुरालाई प्राथमिकतामा राख्नु पर्दछ । यस सन्दर्भमा यस क्षेत्रलाई सुहाउँदो रणनीतिका साथै रेडप्लसका लागि उपयुक्त भूमिका समेत पहिचान गर्नुपर्दछ ।

*"रेडको ग्लास आधा खाली होइन आधा भरि हो ।"*

**रेशम डाँगी**

*"भारत र चीनले गरेका सम्झौतासँग मेल खाने किसिमले कार्य गर्न विकसित देशहरूले ठूलो प्रयास गर्नु पर्दछ ।"*

**भिक्की टाउली-कर्पुज**

*"एसिया प्रशान्त क्षेत्रका लागि अगाडि खतराले भरिएको बाटो छ ।"*

**इभि योङ्ग**

*"जब उत्सर्जन घटाउन तलै फलेका र सजिलै टिप्न सकिने फल हटाइन्छ तब प्रविधिको विकासले गर्दा झन् धेरै फल फल्ने छ ।"*

**प्रमोद कान्त**



# प्रश्न ३

## अन्तर्राष्ट्रिय सम्झौता भन्दा हामी कति टाढा छौं ?

सन् २०२० अगाडि कुनै पनि अन्तर्राष्ट्रिय सम्झौताको आशा गरिएको छैन भन्ने कुरा सार्वजनिक गरिएको छ । यसका लागि नियमित रूपमा प्रगती नहुने प्रकृतिका वार्ताहरू हुनु एउटा मुख्य समस्या हो । पक्ष राष्ट्रहरू सामान्यतया वर्षै भरि आफ्नो अडान लिएर बस्छन् र सम्मेलनको अन्तिम तीन दिनमा मात्र सम्झौता गर्दछन् । विगतका दस वर्ष यसरी नै बिते भने अबको अर्को दश वर्ष पनि यसैगरी बित्ने हुनसक्छ ।

*"हामीले जलवायु परिवर्तनसँगको लडाइँमा एक दशक बिना उपलब्धि बितायौं । "*

**टोनि ला भिना**

उपलब्धि हासिल गर्न विकसित र विकासोन्मुख देशहरू बिचको विभाजन हटाउनु महत्त्वपूर्ण हुन्छ जुन डर्बान मञ्चले केही हदसम्म गरेको छ । दक्षिण कोरिया र मेक्सीको जस्ता देशहरूले प्रभावकारी र ऐच्छिक रुपमा आफूलाई मध्यम आय भएको देश भनेर परिचित गराउन थालिसकेका छन् । धेरै उत्सर्जन गर्ने राष्ट्र भनेर चिनिएका चीन र भारतले पनि उत्सर्जन कटौती गर्ने प्रण गरी प्रशंसनीय कदम चालिसकेका छन् । सम्झौताको लागि एउटा ठूलो बाधा भनेको संयुक्त राज्य अमेरिका हो । चीन र भारत दुबैमा त्यस्ता आन्तरिक राजनीतिक संरचनाहरू छन् जसले सरकारले सम्झौता उचित लागेको अन्तर्राष्ट्रिय सम्झौतामा संलग्न हुने निर्णय गर्न शक्ति प्रवाह गर्दछ । तर अमेरिकामा त्यस्तो हुँदैन र यो फेरिन गाह्रो छ ।

*"रेडप्लस आफैंमा अन्त्य हो कि जलवायु परिवर्तन सम्बोधन गर्ने तरिका हो ? "*

**इभि योङ्ग**

जति जति हामी अमेरिकाबिना सम्झौता हुन नसक्ने कुरा दोहोऱ्याउँछौं त्यति नै ऊ कुनै पनि सम्झौतामा सकारात्मक नहुन खुल्ला हुन्छ र वार्ता प्रक्रिया नै अनिश्चित समयसम्मलाई थाती रहन्छ । त्यसैले केही वार्ताकारहरू ठूलो एकीकृत सम्झौतालाई कुर्नुभन्दा क्षेत्रगत सम्झौता (जस्तैः रेडप्लस) हरूलाई सम्भावित मार्गको रूपमा अघि सार्न थालेका छन् ।

चरणबद्ध र सकारात्मक रणनीतिको उदाहरणको रूपमा रेडप्लसलाई लिन सकिन्छ । अरु क्षेत्रमा भन्दा यूएन्एफ्सिसिसिमा रेडप्लसका छलफलहरू छिटो अगाडि बढेका छन् । नियमित रूपमा गरिएका वार्ताहरूले रेडप्लस सम्बन्धी पक्ष राष्ट्रहरू बिचका दृष्टिकोणहरूमा तात्त्विक भिन्नता नउब्जाइ प्रष्टता ल्याउने काम गरेका छन् । अबका छलफलहरू बजारमुखी र बजार बिनाको लगानी सम्बन्धी विवादमा जोडिएका तथा प्राविधिक र कार्यान्वयन पक्ष तिर केन्द्रित छन् ।

एसिया प्रशान्त क्षेत्रमा धेरै राष्ट्रका सरकारहरूले भविष्यका सन्ततिका लागि वन जोगाउने साझा दायित्वको विकल्पतिर विचार गर्दैछन् । यदि अरु क्षेत्रहरूले पनि त्यस्तो उदाहरण पछ्याउन सक्यो भने बाध्यात्मक सम्झौतातिर आशा गरे भन्दा छिटो पुग्न सकिनेछ । तथापि कुनै पनि क्षेत्रगत सम्झौताहरू सम्बन्धित क्षेत्रका लक्ष्यहरूद्वारा निर्दिष्ट हुनुपर्दछ । यदि रेडप्लस मात्र सफलतातर्फ उन्मुख भयो भने जलवायु परिवर्तनलाई सफलतापूर्वक सम्बोधन गर्न लामो समय लाग्ने मात्र नभई समस्या समाधानको सम्भावना पनि क्षीण हुन्छ ।



# प्रश्न ४

## रेडप्लसमा कसरी लगानी गरिन्छ ?

पहिलेका सम्मेलनहरूमा जस्तो डर्बानमा बजारमुखी र बिना बजारमुखी रणनीति बिचमा भिन्न खालको वकालत भने भएन । त्यसैले यस मुद्दामा सबैतिर राम्रो समझदारी बढेको देखियो । विश्व अर्थतन्त्रमा मन्दी छाएको बेलामा यति ठूलो लगानीका लागि बहुपक्षीय र दुईपक्षीय दातृ निकायहरूबाट मात्रै भन्दा अरु नै स्रोतहरूको समेत खोजी गरिनु पर्दछ ।

*" दातृ संस्थाहरूले कर तिर्नेहरूलाई लगानीले उत्सर्जन घटाउँछ भनेर देखाउनु पर्दछ । "*

**अन्ना लेहेमेन**

स्रोतको पहिचान नभइसकेको भए तापनि सम्भावित रेडप्लस सम्झौतामा लगानी नयाँ, अतिरिक्त र परिणामसँग जोडिएको हुनुपर्दछ । रेडप्लस तयारी चरणमा धेरैजसो लगानी क्षमता अभिवृद्धितिर लक्षित छ र यो उपलब्धिहरूमा आधारित हुनैपर्ने जरुरी छैन । केही राष्ट्रहरू, यूएन् रेड र एफ्सिपिएफ् जस्ता बहुपक्षीय कार्यक्रमहरूको सहयोगमा रेडप्लस भुक्तानीलाई यसले ल्याउने परिणामसँग जोड्ने उद्देश्यले लगानी रणनीति बनाउने कार्यमा अगाडि बढ्दैछन् । यद्यपि रेडप्लस तयारी चरणमा सार्वजनिक लगानी अपरिहार्य छ । रेडप्लस कार्यान्वयनबाट प्राप्त परिणामलाई प्रोत्साहन गर्नु आवश्यक हुने भएकाले रेडप्लस कार्यान्वयन गर्नलाई भने वृहत् अर्थिक स्रोतहरूको आवश्यकता पर्दछ ।

*" अन्तर्राष्ट्रिय लगानी आउनुभन्दा पहिल्यै राष्ट्रहरूले रेडप्लस कार्यान्वयन कार्य शुरु गर्नुपर्दछ । "*

**भाना साम्रेथ**

बजारमा आधारित लगानी भन्नाले रेडप्लस कार्बन क्रेडिटको व्यापार अनुमति नै हो भन्ने जरुरी छैन । निजी क्षेत्रको लगानी वन सुशासन, वन व्यवस्थापनका मापदण्ड र प्रमाणीकरण प्रणाली, तथा कफी र रबर जस्ता वस्तुहरूको दिगो व्यवस्थापन कार्यमा उपयोग गर्न सकिन्छ । यस्ता नवीन सकारात्मक कार्यहरूले रेडप्लसको उद्देश्य पूरा गर्न मद्दत गर्नुका साथै पेन्सन कोष तथा अन्य त्यस्तै सम्पत्ति कोष जस्ता नयाँ लगानीका स्रोतहरूको रेडप्लसमा लगानी गर्ने इच्छा सृजना गर्न सक्दछ । तर रेडप्लस अन्तर्गत व्यापार हुने कार्बन क्रेडिट बढाउँछ भन्ने ग्यारेन्टी चाहिँ हुँदैन ।

जापान जस्ता केही देशहरू कार्बन क्षतिपूर्ति योजनासँग दुईपक्षीय रूपमा अघि बढ्न उत्सुक छन् र एसिया प्रशान्त क्षेत्रभरि सम्बन्धित क्रियाकलापहरूमा लगानी गरिरहेका छन् । तर त्यस्ता क्रियाकलापहरूका विवरण तथा प्रतिवेदन पक्ष राष्ट्रहरूको सम्मेलनमा कसरी पेश हुन्छन् भन्ने कुरा भने अझै स्पष्ट हुन सकेको छैन । दाताहरू आफ्नो लगानीको राम्रोसँग पहिचान होस् भन्ने चाहन्छन् भने मलेसिया जस्ता रेडप्लसबाट फाइदा पाउन सम्भावित राष्ट्रहरू त्यस्ता प्रतिवेदनहरूले गर्दा डर्बान मञ्च अन्तर्गत भविष्यमा आफ्नो उत्सर्जन कटौती गर्ने प्रण अनुसारका प्रतिवेदन बुझाउने अधिकारबाट वञ्चितमा परिने होकि भनी डराएका पनि छन् ।

वन विनाश तथा क्षयीकरणका कारक तत्त्वहरू जति विविध छन् त्यस्तै रेडप्लसमा लगानीका विकल्पहरू पनि अनेक छन् । अन्त्यमा, त्यही विकल्प स्वीकार्य हुन्छ जुन राष्ट्रिय सन्दर्भ र स्थानीय स्तरमा स्वीकार्य रणनीति माथि भर पर्दछ । तसर्थ एसिया प्रशान्त क्षेत्रमा यो प्रत्येक राष्ट्र अनुसार फरक पर्ने मुद्दा हो ।

# प्रश्न ५

## वनका लागि ऐच्छिक कार्बन बजारमा डर्बान निर्णयको प्रभाव कस्तो छ ?

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि अन्तर्गत स्वीकृत बजारको तुलनामा ऐच्छिक कार्बन बजार आकारको हिसाबमा अर्थपूर्ण नभए पनि विधि परीक्षण र अनुभव बटुल्नका लागि महत्त्वपूर्ण छ ।

यसले आवश्यक उत्तम अभ्यास, मापदण्ड र मार्गदर्शनको परीक्षण गर्ने, आवश्यकता अनुसार तिनलाई परिष्कृत गर्ने लगायत स्वीकृत रेडप्लस संरचनाका लागि क्षमता अभिवृद्धि गराउन मौका प्रदान गर्दछ । यद्यपि यसलाई लगानी संरचनाको विकल्पको रूपमा हेरिनु भने हुँदैन । ऐच्छिक कार्बन बजारलाई सैद्धान्तिक रुपमा व्यापारिक संस्थाका सामाजिक दायित्वले डोऱ्याएको छ । त्यसैले यो क्योटो अभिसन्धिको अनुसूची १ का देशहरूले प्रण गरे अनुसार स्वीकृत कार्बन बजारको तुलनामा भिन्न र विशेष प्रकृतिको हुन्छ । व्यापारिक संस्थाका सामाजिक दायित्व प्रायः पुरातन नहुने हुनाले यसलाई पक्षराष्ट्रहरूको १७ औं सम्मेलनको परिणामले प्रत्यक्ष असर पुऱ्याउने छैन ।

एसिया प्रशान्त क्षेत्रका थुप्रै नागरिक समाज संस्थाहरू र केही सरकारहरू ऐच्छिक कार्बन बजारबाट सावधान भने भएका छन् । विशेष गरी विधि तथा प्रणालीको सामाजिक स्वीकार्यता सम्बन्धी कुरामा उनीहरू चनाखो छन् । पपुवान्युगिनी र फिलिपिन्स दुबै देशहरू "कार्बन काउब्वाइ" बाट पिडित भइसकेका छन् र शोषणबाट जोखिमपूर्ण समुदायलाई बचाउन कानुन बनाउने प्रक्रियामा छन् । यद्यपि धेरैजसो ऐच्छिक कार्बन बजारमा जाने परियोजनहरू हाल भिसिएस् जस्ता एक वा एक भन्दा बढी विश्वस्त मापदण्डका आधारहरूमा प्रमाणित गरिने गरिएको छ ।

ठूला व्यापारिक कम्पनीहरू आफ्ना कार्बन उत्सर्जन अफसेट गर्न लालायित भएकाले स्वीकृत बजारको तुलनामा निकै कम मात्रामा (०.०२% मात्र) कारोबार हुने गरेको भए तापनि वनमा आधारित ऐच्छिक कार्बन बजारमा जाने परियोजनाहरू बढ्ने छन् । यस क्षेत्रका धेरै राष्ट्रहरूले ऐच्छिक कार्बन बजारलाई भविष्यको स्वीकृत रेडप्लस संरचनासँग जोड्ने पुलको रूपमा हेरेका छन् । त्यसैले उनीहरू वनमा आधारित ऐच्छिक कार्बन बजारको विकासमा लागि परेका छन् । उदाहरणका लागि सरकारहरू आफूले चाहे जस्तो परियोजना बनाउनका लागि आवश्यक मार्गदर्शन तथा मापदण्ड बनाउन लागी पर्नेछन् । फलस्वरुप ऐच्छिक कार्बन बजारले भविष्यमा गरिने सम्मेलनहरूमा पहिलेको भन्दा बढी प्रभाव पार्न सक्छ वा सम्मेलनले पनि यस्तो बजारको बारेमा अझै प्रष्टता ल्याउँदछ ।

*" ऐच्छिक कार्बन बजारको अनुभवबाट प्राप्त पाठ स्वीकृत रेडप्लस बजारको खाका तयार पार्न महत्त्वपूर्ण हुन्छ । "*

**सुचित्रा चान्त्रागुण**



# प्रश्न ६

## के सरलताले अधिकार सुरक्षालाई कमजोर बनाउँछ ?



अधिकार सुरक्षाको मुख्य सवाल भनेको सरलताको होइन विषयवस्तुको हो । थुप्रै गैरसरकारी संस्थाका अनुसार डर्बान छलफलले कानकुन सम्मेलनमा अधिकार सुरक्षामा भएका राम्रा कार्यहरूलाई अझै बलियो बनाउनुको सट्टामा भाषागत दृष्टिले सामान्य, कमजोर र लचिलो बनाएको छ । पक्ष राष्ट्रहरूका सम्मेलनका निर्णयहरू जति धेरै विस्तृत र लामा हुन्छन् त्यति नै कार्यान्वयन गर्न गाह्रा र झन्झटिला हुन्छन् । फलस्वरुप अधिकार सुरक्षाका कुराहरू लागू गर्न पक्ष राष्ट्रहरू निरुत्साहित हुन्छन् । उदाहरणको लागि इन्डोनएसियाले रेडप्लसमा अधिकार सुरक्षा सूचना प्रणाली बनाउन अनुसन्धान गरिरहेको बेलामा डर्बान निर्णयको भाषा, शैली र प्रस्तुतीले झन् अप्ठ्यारो थप्न सक्दछ ।

डर्बान निर्णयले बिचको बाटो अपनाउन खोजेको छ र अधिकार सुरक्षा प्रतिवेदन प्रणाली लागू गर्नु अगाडि राष्ट्रहरूले रेडप्लस तयारीमा अझ बढी अनुभव बटुल्न आवश्यक रहेको कुरा औंल्याएको छ । सम्झौताको मूल मर्म भनेको रेडप्लसमा सहभागी राष्ट्रहरूले कानुन सम्मत तवरले अधिकार सुरक्षाका सबै तत्त्वहरू सम्बोधन गरी सोको प्रतिवेदन तयार पार्नु हो । यी कानुनी प्रावधानहरू पूर्ण र प्रभावकारी ढङ्गको सहभागिता वा परामर्शमा बनाउनु पर्दछ । परिणामस्वरुप डर्बान निर्णयले राष्ट्रको परिवेश अनुसार अधिकार सुरक्षा लागू गर्न ढोका खोलेको छ ।

तुलनात्मक रुपमा नयाँ धारणा भए पनि एसिया प्रशान्त क्षेत्रका धेरै राष्ट्रहरू स्वतन्त्र, अग्रिम, सुसूचित सहमतिको सिद्धान्तप्रति खुल्ला हुन थालेका छन् । यसलाई तत्काल भएको सकारात्मक विकासको रूपमा लिइएको छ ।

आदिबासी तथा स्थानीय जनताको दृष्टिकोणमा उनीहरूका हकका सन्दर्भमा कानकुन सम्मेलनमा भएका अधिकार सुरक्षाका निर्णयहरू बिनाशर्त कार्यान्वयन हुनुपर्दछ । राष्ट्रहरूले दिगो वन व्यवस्थापनका बारेमा बुझ्दै जाँदा र आदिबासी तथा स्थानीय जनताका अधिकारहरू सुरक्षित हुँदा त्यस सम्बन्धी वार्तामा उनीहरूको प्रभाव बढ्दै जान्छ । डर्बानमा अधिकार सुरक्षा र लगानी विकासको सन्दर्भ संयुक्त रूपमा अघि बढाउँदा प्रभावकारी भएको छ । यसले गैरसरकारी संस्था, दातृ निकाय र निजी क्षेत्रका सरोकारवालाहरूको साझा तथा एक आपसमा परिपूरक रुचिहरूलाई आत्मसात् गरेको छ ।

*"राष्ट्रहरूले अधिकार सुरक्षामाथि प्रभुत्वको खेल खेल्न छाडेका छन् । "*

**टोनी ला भिना**

*"राष्ट्रिय स्तरमा अधिकार सुरक्षाको स्तर कहाँ कडा बनाउनु पर्ने हो र कहाँ लचिलो गर्नुपर्ने हो पत्ता लगाउनुपर्दछ । "*

**यायान हाडियान**

*"वनमा जसको ठूलो स्वामित्व छ उसको आवाज ठूलो हुनुपर्दछ र उनीहरूका भावना सुनिने कुरालाई सहयोग गर्नुपर्दछ । "*

**भिक्की टाउली- कर्पुज**



# प्रश्न ७

## के वनमा आसृत जनताहरू सुरक्षित छन् ?



*"आफूलाई कस्तो फाइदा चाहिने हो भनी निर्णय गर्ने अधिकार आदिबासी जनता र स्थानीय समुदायमा निहित हुन्छ । "*

**जोआन कार्लिङ्ग**

*"डर्बानमा हामीले आदिबासी तथा स्थानीय जनताको पारिस्थिकीय सेवामा पहुँचको महत्त्वका बारेमा जोड दियौं । "*

**भिक्की टाउली-कोर्पुज**

डर्बान निर्णयले वनमा आसृत जनताहरूको हित गर्छ गर्दैन भन्ने कुरामा अझै एकमत हुन सकेको छैन । विवादको एउटा प्रमुख मुद्दा भनेको आदिबासी जनता र स्थानीय समुदायबिचको भिन्नता र रेडप्लसमा एफ्पिआईसिद्वारा उनीहरूको अधिकारको सुरक्षा हो । जबसम्म रेडप्लस अन्तर्गत एफ्पिआईसिमा उनीहरूका स्पष्ट कानुनी अधिकारको पहिचान हुँदैन, तबसम्म आदिबासी तथा स्थानीय जनताहरूमा आफ्नो अस्तित्व र पहिचानलाई कम आँकलन गरिने डर भइरहन्छ ।

अर्को विवादको स्रोत भनेको वनमा आसृत जनताले रेडप्लसबाट हुने लाभांशको प्रकृति हो । केही वार्ताकारहरूका अनुमान अनुसार रेडप्लसको फाइदा पैसाको रुपमा वितरण हुन्छ भन्नेछ, जुन कम सम्भावना छ । यसले स्थानीय समुदायमाझमा गलत सन्देश पुग्दछ र रेडप्लसले काम गर्ने तरिकामा अवास्तविक परिणाम निम्त्याउँछ । समुदाय स्तरमा न्यायोचित रूपले रेडप्लसको फाइदा वितरणका लागि सबभन्दा उचित विकल्प विद्यालय, स्वास्थ्य चौकी तथा वनमा आसृत जीविकोपार्जन जस्ता सामाजिक क्षेत्रको विकास हो ।

रेडप्लसमा आदिबासी तथा स्थानीय समुदायको परम्परागत ज्ञानको दुरुपयोग तथा शोषण स्थानीय अधिकारको रक्षाको लागि विचार गर्नुपर्ने मुख्य पक्ष हो । यसले समुदायहरूका बिचमा र भित्रै पनि द्वन्द्व निम्त्याउन सक्दछ । तसर्थ रेडप्लस अधिकार सुरक्षाका लागि आदिबासी तथा स्थानीय जनताका ज्ञानलाई सावधानीपूर्वक सम्बोधन गर्न मार्गदर्शन गर्नुपर्दछ ।

रेडप्लसका लागि गरिने परामर्श, एफ्पिआइसि र अरु अधिकार सुरक्षाको प्रक्रियामा लैङ्गिक समानताका सवालहरूको सम्बोधन नहुने खतरा पनि त्यत्तिकै छ । यसले पहिलेदेखि नै जोखिममा रहेका समुदायलाई अझ सिमान्तीकृत बनाउने डर हुन्छ ।

माथिका कुराका साथसाथै, वनमा आसृत जनताका आधिकार जलवायु परिवर्तन अनुकूलसँग पनि त्यत्तिकै हुन्छ । बोलीभियाले रेडप्लस सन्दर्भसँग सहमत हुनु पूर्व नै रेडप्लसलाई अनुकूलन र न्यूनीकरण संयत्रको रूपमा पहिचान गराउन आफ्नो विचार अगाडि सारेको छ र यो विचारलाई एसिया प्रशान्त क्षेत्रका धेरै राष्ट्रले समर्थन गरेका छन् ।


10

# प्रश्न ८

## के वन कार्बन लेखाप्रणाली सम्बन्धी नियमहरू प्रष्ट छन् ?

डर्बानमा रेडप्लसका लागि कार्बन लेखाप्रणाली कस्तो हुनुपर्दछ भन्ने कुरामा केही सम्झौताहरू भएका थिए । विभिन्न राष्ट्रहरूका उत्सर्जन घटाउने कार्यको आँकलनका लागि उत्सर्जन आधारविन्दु माप चिन्हको रुपमा प्रयोग हुनेछ । तर यसलाई आफ्नो उत्सर्जन स्तर अनुसार कसरी पारदर्शी, पूर्ण र नियमित बनाउने भन्ने जिम्मा सम्बन्धित राष्ट्रलाई नै हुन्छ । यो एउटा नवीन र महत्त्वपूर्ण कार्य हो । यो लुलुसिएफ्को लेखाप्रणाली भन्दा धेरै फरक छ । सन् १९९७ मा अपूर्ण जानकारी सहित बनेको लुलुसिएफ्को जटिल लेखाप्रणालीले जमिनको प्रयोग र वन क्षेत्रबाट हुने उत्सर्जन घटाउन सहयोग गर्नुको साटो झन् जटिलता थपिदियो ।

अझै पनि राष्ट्रिय स्तरमा उत्सर्जन आधारविन्दु बनाउनु भनेको गाह्रो काम हो । हाल धेरै राष्ट्रहरूले उत्सर्जनको इतिहास र अभ्यासलाई केलाउन थालेका छन् । यो राम्रो सुरुवात भए तापनि यसमा ऐतिहासिक विवरणलाई भविष्यको उत्सर्जन प्रक्षेपणसँग जोड्नु पर्दछ । कारणहरू परिवर्तन भइरहने हुनाले भविष्यमा वन विनाश र क्षयीकरणको स्थिति विगतको जस्तै नहुन सक्छ । विशेष गरी आर्थिक कारणले गर्दा वन विनाश र क्षयीकरणका कारक तत्त्वहरू परिवर्तन भइरहन्छन् ।

वस्तु विशेष उत्पादन लक्ष्य र अनुदानको लागि उपयुक्त आधारविन्दु बनाउन पाम आयल जस्ता भूउपयोग गर्ने खालका उद्योगहरूको अनुगमन गर्न सरकारी निकायको संलग्नता आवश्यक छ । यसले नियममा आवश्यक परिर्वतनका लागि चाहिने खर्चको सही अनुमान गर्न समेत मद्दत गर्दछ ।

पपुवान्युगिनी एउटा यस्तो चाख लाग्दो घटना हो जहाँ दिगो पाम आयलका लागि गोलमेच सम्मेलन गरी मापदण्डको विकास गरिएको छ जसलाई उत्सर्जन आधारविन्दुको रूपमा देशव्यापी रूपमा प्रयोग गर्न सकिन्छ । रेडप्लसमा गरिने लगानीले यसलाई सहयोग भने पुऱ्याउनु पर्दछ ।

डर्बानको उपलब्धिको रूपमा यो बुझ्नु पर्दछ कि पहिलो प्रयासमै सबै कुरा पूर्णरूपले सही नहुन पनि सक्दछ । उदाहरणका लागि गुयानाले बनाएको आधारविन्दु माथि शैक्षिक दृष्टिले थुप्रै प्रश्नहरू छन् । तथापि यो सुरुवात मात्र हो जुन पछि समयसँगै सुधार गर्दै लान सकिन्छ ।

*" हामी लुलुसिएफ् मा जस्तो रेडप्लसको लागि हावाबाट अङ्क निकाल्ने जादुगर जस्तो हुनुपर्छ भन्ने होइन । "*

**टोनी ला भिना**

*" सुशासनका तत्त्वहरुका साथै प्राविधिक दक्षताको खाँचो एउटा मुख्य समस्या हो । यो समस्या समाधानका लागि सरकारी विभागहरूले एक आपसमा छलफल गर्नुपर्छ । "*

**अन्ना लेहेमेन**

*" चरणबद्ध कार्य गर्ने रणनितिले राष्ट्रिय स्तरमा उत्सर्जन आधार विन्दुका विकासमा राष्ट्रको आत्मविश्वास बढाउँछ । "*

**रेशम डाँगी**



# प्रश्न ९

## अनुगमन, प्रतिवेदन र प्रमाणीकरणका लागि कसरी दक्षता बढाउन सकिन्छ ?

अनुगमन, प्रतिवेदन र प्रमाणीकरणका सम्बन्धमा एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरू समान अवस्था/आरम्भ विन्दुमा छैनन् । भारतले प्रत्येक दुई वर्षमा वनको विवरण सङ्कलन गर्छ । मलेसियाले विगत ५० वर्ष देखि वनको विवरण सङ्कलन गर्दै आएको छ भने नेपालमा १७ वर्ष अगाडि मात्र वनको पूर्ण विवरण सङ्कलन गरियो । कुनै राष्ट्रहरूमा एक पटक पनि त्यस्ता विवरणहरू सङ्कलन गरिएको छैन । वन अनुगमन र कार्बनको लेखा विधि साधारण हुनुपर्दछ ताकि लामो समयसम्म लागू गर्न सकियोस् । कम्बोडिया जस्ता केही राष्ट्रहरूले डर्बानमा छलफल भएको कार्बन लेखा सम्बन्धी विधि आफ्नो क्षमता बाहिर हुने हो कि भनी चिन्ता व्यक्त गर्दै आएका छन् ।

*" मापन, प्रतिवेदन र प्रमाणीकरण सम्बन्धी कुराहरूमा यति छिटो प्रगति हुँदैछ कि हामीले दुई वर्ष अघि थाहा पाएका कुराहरू हाल काम नलाग्ने भइसके । "*
**रेशम डाँगी**

डर्बानमा विकासोन्मुख देशहरूले प्रविधिको हस्तान्तरण गर्नुपर्ने कुरालाई प्राथमिकता दिए । यस विषयमा अनुकूलनमा जति नै महत्त्व रेडप्लसको लागि दिनुपर्ने कुरा उठाइएको छ । यद्यपि यो हस्तान्तरणको प्रक्रिया उत्तरदेखि दक्षिणमा मात्र सिमित हुनु भने हुँदैन । विशेष गरी दक्षिण-दक्षिण प्रविधि हस्तान्तरणमा पनि प्रशस्त अवसरहरू हुन्छन् । उदाहरणको लागि भारतले दक्षिण एसियामा दुर सम्वेदन पद्धति र वन अनुगमनमा केन्द्रीय भूमिका निर्वाह गर्दछ । यस्तो हस्तान्तरण मेकङ अथवा गंगेटिक जलाधार जस्ता बोर्डर वारिपारि समेत एकै किसिमका पारिस्थिकीय प्रणाली भएका क्षेत्रहरूमा बढी उपयुक्त हुन्छ ।

*"हामीले उत्सर्जन आधार विन्दुका बारेमा कुनै पनि देशका सरकारलाई तयारी विधि दिनु पर्छ भनेका छैनौं । तर त्यस्तो विन्दुमा पुग्नका लागि आवश्यक विधि तयार पार्न औजारहरूको सहयोग दिनुपर्ने कुरा उठाएका छौं । "*
**लोरेन्स आङ**

प्रविधि साटासाट राष्ट्र भित्रै पनि हुनसक्छ । रेडप्लसमा क्षमता अभिवृद्धि सुनिश्चित गर्न वनको सुचना प्रणालीमा अझै पारदर्शिता अपनाउनु पर्दछ । उदाहरणका लागि जानकारी, तथ्याङ्क तथा प्रविधिहरू माथि सम्पूर्ण सरोकारवालाहरूको पहुँच सजिलो बनाउन वन विभागहरूले ज्ञानको सृजना गर्ने मञ्च बनाउनु पर्दछ ।

यदि राष्ट्रहरूले चरणबद्ध तरिका अपनाएमा अनुगमन, प्रतिवेदन र प्रमाणीकरणमा बढी पहुँच पुग्दछ । एफ्एओद्वारा सहयोग प्राप्त संसारभरिको वन स्रोत सर्वेक्षणबाट लिइएको विवरणबाट यसको सुरुवात हुन्छ । त्यसपछि सबैलाई मान्य हुने उत्सर्जनको विकास गरी आवश्यकता अनुसार परीक्षण र परिमार्जन गरिन्छ । अन्त्यमा राष्ट्रिय परिस्थिति र वातावरणीय पक्षलाई पनि विचार गर्नु पर्छ । यसो गर्दा सफलताको कडीको रुपमा अभ्यास गर्ने र सिक्दै जाने प्रक्रियालाई आत्मसात् गर्नुपर्दछ ।

यस क्षेत्रका अरु राष्ट्रहरूले नेपालको सामुदायिक वनको अनुभवबाट सिक्न सक्दछन् कि अनुगमन, प्रतिवेदन र प्रमाणीकरण विज्ञहरूको लागि मात्र हैन । आफ्नो ठाउँमा विषय अनुसार खर्च कम गराउने र स्थानीय समुदायलाई प्रत्यक्ष सामेल गराउने खालको अनुगमन, प्रतिवेदन र प्रमाणीकरणका विधि तथा संरचनाहरू बनाउन राष्ट्रहरूले अहम् भूमिका निर्वाह गर्नुपर्छ । रेडप्लसमा अनुगमन, प्रतिवेदन र प्रमाणीकरणले सामाजिक अधिकार सुरक्षामा समेत ध्यान दिनुपर्ने भएकाले यस्तो खालको संलग्नता महत्त्वपूर्ण हून्छ । तर यस कार्यमा केही मात्रामा लचिलो हूनाले सबै कार्य १०० प्रतिशत ठिक नहुन पनि सक्छ र गुणस्तरमा केही हदसम्म सम्झौता गर्नुपर्ने हुनसक्छ । तर हालसम्मका छलफल हेर्दा राष्ट्रिय स्तरमा अनुगमन, प्रतिवेदन र प्रमाणीकरण प्रणालीको विकास गर्ने क्रममा खर्च घटाउने कुरालाई मात्र ध्यान दिइएको पाइन्छ ।



# प्रश्न १०

## के डर्बानसम्म आइपुग्दा गरिएका छलफलहरू एसिया तथा प्रशान्त क्षेत्रका लागि सकारात्मक छन् ?

*"हामीले रेडप्लसका बारेमा राष्ट्रिय स्तरमा थुप्रै छलफल चलाएका छौं तर त्यसबाट प्राप्त ज्ञानलाई प्रभावकारी रूपमा फैलाउन सकिएको छैन । "*

**म्याक्सिमिलिएन कन्राड**

*"बजार बन्दै गएका राष्ट्रहरूमा जस्तै हामीले पनि लगानीको अवसरका रुपमा रेडप्लसलाई व्यवस्थित गर्दै लानुपर्दछ । "*

**लोरेन्स आङ**

*"अर्को सम्झौताको स्थगनले एसिया प्रशान्त क्षेत्रको अध्ययन गर्न र आवश्यकता पर्ने बित्तिकै रेडप्लस संरचनाका लागि तयार हुने अवसर प्रदान गरेको छ । "*

**सेन्सन मार्क**

लगातार भइरहने अन्तर्राष्ट्रिय र राष्ट्रिय सरोकारवालाका बैठकहरूमा डर्बानसम्म पुग्दा रेडप्लसमा निकै अर्थपूर्ण प्रगति भएका छन् । क्योटो अभिसन्धि पछिका सम्झौताको स्थगनले यी प्रगतिलाई निरन्तरता दिन र यदि रेडप्लस कार्यान्वयन गर्न बाध्यकारी संयन्त्रहरू आएमा सो लागू गर्न समय प्रदान गरेको छ ।

यस क्षेत्रका आदिबासी र स्थानीय जनताहरू रेडप्लस छलफलको माध्यमबाट आफ्ना हक अधिकारका कुरा राज्य र अरु निकायहरू समक्ष पहिलेभन्दा खुलेर राख्न थालेका छन् । सामाजिक र वातावरणीय आँकलन मापदण्डमा भएको उल्लेखनीय प्रगति र आदिबासी र स्थानीय जनताहरूले छलफलमा आफ्ना प्रतिनिधि आफैं छान्न पाउने अधिकारले आदिबासी तथा स्थानीय जनता र विश्व बैंक बिच सम्बन्ध र समझदारी बढेको प्रष्टरूपले देखिन्छ। डर्बानमा एफ्पिआइसि लगायतका सामाजिक अधिकार सुरक्षाका सिद्धान्तहरू निर्विरोध हुनु नागरिक समाजका संगठनहरू बीच रचनात्मक छलफल र उनीहरूले गरेको सफल पैरवीको परिणाम हो ।

डर्बानको सम्मेलनमा भएका उच्चस्तरीय अन्तर्राष्ट्रिय छलफलहरूले पक्ष राष्ट्रहरूलाई सम्झौतासम्म पुग्न अर्थपूर्ण भूमिका खेलेका छन्। तर एसिया प्रशान्तका देशहरू बीच भएका छलफलहरू भने आशा अनुरूप उपलब्धिमूलक हुन सकेका छैनन् । धेरै बैठकहरू हतारमा आयोजना गरिन्छन् जसले गुणस्तरीय सहभागिता बिग्रन्छ। त्यस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाउन सुचना र संचार क्षेत्रमा दक्षता भएका स्वतन्त्र विज्ञहरू मार्फत कार्यक्रमको आयोजना गरिनुपर्दछ । रेडप्लसमा अन्तर्राष्ट्रिय स्तरमा महँगा विज्ञहरूमाथिको निर्भरता घटाउन र रेडप्लसको बारेमा गलत जानकारी फैलन नदिन क्षेत्रीय स्तरमा रेडप्लस विज्ञहरूको आवश्यकता बढ्दो छ ।

वार्ताहरूमा एकीकृत विचार/मत बढाउने छलफलहरूले यस क्षेत्रका तुलनात्मक रूपले राम्रा पक्षहरू जस्तै (क) आर्थिक र राजनीतिक स्थिरता, (ख) फिलिपिन्स र इन्डोनेशियाका टापुहरूमा उपराष्ट्रिय स्तरमा रेडप्लस लागू गरी रणनीतिहरूको परीक्षण गर्ने र (ग) अमेजोन कोष जस्तै एकीकृत अनुगमन, प्रतिवेदन र प्रमाणीकरण तथा प्रभावकारी लगानी प्रणाली बनाउने जस्ता अवसरमाथि प्रकाश पार्दछ । रेडप्लसमा क्षेत्रीय सहकार्यको लागि सकारात्मक वातावरण बनेको छ। तसर्थ यस क्षेत्रका राष्ट्रहरूले स्थापित थुप्रै क्षेत्रीय मञ्चहरूबाट फाइदा उठाउन सक्नु पर्दछ ।

# प्रश्न ११

## जमिनको प्रयोग, त्यसमा आएको परिवर्तन तथा वन (लुलुसिएफ्) का बारेमा के भयो?

*"रेडप्लस र लुलुसिएफ् का बीचमा अझै पनि ठूलो पर्खाल छ तर ती दुवै एक आपसमा जानकारीयुक्त छन् ।"*

**लोरेन्स आङ**

*"लुलुसिएफ् मा अधिकार सुरक्षाको सिद्धान्त नहुनुले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि प्रक्रियाहरूको द्वैध चरित्र देखाउँछ ।"*

**भिक्की टाउली-कोर्पुज**

डर्बानमा हरितगृह ग्याँसको लेखा प्रणालीका लागि वनको विवरण राख्न बाध्य बनाइएको छ । यो कुरा पहिले जस्तो औद्यौगिक राष्ट्रहरूलाई मात्र नभएर डर्बान मञ्चमा रहेका सबै राष्ट्रहरूलाई लागू हुनेछ । तसर्थ राष्ट्रहरूले आफ्नो राष्ट्रिय उत्सर्जन आधारविन्दु बनाएर बुझाउनु पर्नेछ र समग्र हरितगृह ग्याँसको ३.५ प्रतिशतले उत्सर्जन कम गर्न सहयोग गर्ने खालका कार्यक्रमहरू गरी उनीहरूले आफ्नो प्रतिबद्धता पूरा गरिएको भन्न पाउने छन् । डर्बानको अर्को मुख्य उपलब्धि भनेको वन कार्बन अभिलेखमा काटिएका रुखमा/काठमा भएको कार्बनको लेखाजोखा गरिने कुराको समावेश हो । एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरूले यो नयाँ व्यवस्थाले कसरी काम गर्छ भन्ने कुरा बुझ्न जरुरी छ ।

लुलुसिएफ्मा प्राकृतिक विपत्तिको विवरण पनि राखिन थालिएको छ । त्यस अर्थमा अष्ट्रेलिया जस्ता वनमा धेरै आगलागी हुने राष्ट्रहरूले यो पृष्ठभूमिलाई मध्यनजर गरी लुलुसिएफ् आधारविन्दुमा समावेश गर्न सक्छन् । यो र काटिएका काठहरू दुवै रेडप्लसको सन्दर्भमा सान्दर्भिक छन् ।

यद्यपि पहिले नै अनुमान गरिए जस्तै डर्बानमा लुलुसिएफ्मा अभिलेख राख्ने विधिको बारेमा विस्तृतरूपमा केही प्रष्ट बनाइएको छैन । अनुसूची १ का देशहरूले गर्ने उत्सर्जन प्रमाणीकरण प्रक्रियाका बारेमा छलफलहरू भइरहेका छन् । यी देशहरूका उत्सर्जन प्रमाणित गर्ने प्रणाली बनाउने कुरामा एसिया प्रशान्त क्षेत्रका देशहरूको महत्त्वपूर्ण भूमिका हुन्छ ।

अनुसूची १ का राष्ट्रहरू र गैर सरकारी संस्थाहरूले एसिया प्रशान्त क्षेत्रका सर कारहरूलाई अधिकार सुरक्षा कार्यान्वयन गर्न प्रोत्साहित गरी रहेका बेलामा उनीहरू चाहिँ लुलुसिएफ सम्बन्धी आफ्ना क्रियाकलापहरूमा तिनै कुराहरू ख्याल नगरी अघि बढेका छन् । यो हाल उठेको अर्को सवाल हो ।

विकसित र विकासोन्मुख देशहरूबाट बराबर विज्ञहरूलाई बोलाइ लुलुसिएफ्को प्रतिवेदन पुनर्विचार गराउनु पर्दछ । हालको पुनर्विचार गर्ने प्रणाली पारदर्शी छ तर वन क्षेत्रका विज्ञहरूको टिम बनाएर वनबाट उत्सर्जन हुने हरितगृह ग्याँसको लेखा परीक्षण र प्रमाणित गर्नको लागि उत्तम अवसरको रूपमा यसलाई लिनुपर्दछ । यस्तो खालको दक्षता रेडप्लसमा सजिलै अभ्यस्त हुन्छ र भविष्यमा हाल भइरहेका विकसित देशहरूको एकाधिकार भन्दा रेडप्लसमा दक्षिण-दक्षिण सहकार्य मार्फत प्रमाणीकरण सम्भव हुनेछ । यसले विकसित देशले यस क्षेत्रमा गरेको एक किसिमको मनपरि खालको एकाधिकारलाई न्युनीकरण गर्नेछ ।

सन् २०२० सम्ममा यसलाई सम्भव बनाउन अनुसूची १ मा सूचीकृत र अनुसूची १ मा सूचीकृत नभएका देशहरू बिचको विभेदको प्रभावकारी रूपमा अन्त्य हुनुपर्दछ र एसिया प्रशान्त राष्ट्रहरूले आवश्यक क्षमता अभिवृद्धि गर्न चाहिने सहयोगको लागि अनुरोध गनुपर्दछ ।

# प्रश्न १२

## स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण र पुनःरोपणका बारेमा के हुनेछ ?

डर्बान मञ्चमा स्वच्छ विकास संयन्त्र कसरी उपयुक्त हुन्छ भन्ने कुरा बुझ्न अझै सकिएको छैन । लगानीकर्ताहरू प्रष्टता चाहन्छन् भने यदि यो प्रश्नको उत्तर चाँडै नआएमा सन् २०१५ सम्ममा यसमा लगानी रोकिन समेत सक्नेछ ।

वृक्षरोपण र पुनःरोपण वृहत् स्वच्छ विकास संयन्त्रको सानो भाग मात्र हो । विगतका केही वर्षहरूमा यी परियोजनाहरू विश्वव्यापी रूपमा करिब ३० वटा जति चले पनि यो स्वच्छ विकास संयन्त्र परियोजनाको तुलनामा १ प्रतिशतभन्दा कम छ । यस मार्फत प्रमाणित उत्सर्जन कटौतीमा त्यो भन्दा कम प्रतिशतको मात्रै योगदान छ ।

अझ एसिया प्रशान्त क्षेत्रमा यो फस्टाउनलाई निकै थोरै ठाउँ छ । यो संयन्त्र सन् १९९० मा खाली रहेका भूमिहरूमा मात्र सिमित छ र यो नियमसँग मेल खाने धेरै क्षेत्रफल कृषियोग्य भनेर प्राथामिकतामा राखिएको छ । यस क्षेत्रफललाई वनको परिभाषा अनुसार कम घनत्व भएको वन भनेर सुधार गर्न पनि मिल्दैन ।

यद्यपि रेडप्लसको सम्भाव्यता नभएका राष्ट्रहरूमा वृक्षरोपण तथा पुनःरोपण गर्नाले फाइदा पुग्दछ । लगानीकर्तालाई उत्साहित गर्नका लागि स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण र पुनःरोपण कार्यलाई संचालन गर्ने केही नियमहरूलाई परि वर्तन गर्न सकिने राम्रो सम्भावना भने छ । उदाहरणका लागि लगानीकर्तालाई निरुत्साहित गर्ने मुख्य कारण नै स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण र पुनःरोपण परियोजनाहरूमा मात्र हुने अस्थायी प्रमाणित उत्सर्जन कटौती हो । यसले वन क्षेत्रको स्थायित्वको सवाल सम्बोधन गर्ने कुरा उठाउँछ ।

लगानीकर्ताहरूले सजिलै साट्न मिल्ने क्रेडिट खोज्दछन् जसमा अस्थायी प्रमाणीत उत्सर्जन कटौती पर्दैन । स्थायित्व सम्बोधन गर्न ऐच्छिक बजारमा जोखिम बफरको प्रयोग गरिन्छ । बफरले बजारमा बेचिएको क्रेडिटको स्थायित्वको सुनिश्चता गर्दछ । तर अस्थायी प्रमाणित उत्सर्जन कटौती भन्दा भिन्न किसिमले ऐच्छिक कार्बन मापदण्ड प्रयोग गरी आएका वन परियोजनाहरूको क्रेडिट मात्र अरु वन परियोजनासँग साट्न सकिन्छ । सम्भावित रेड संयन्त्रमा स्थायित्वको जोखिम कसरी सम्बोधन हुन्छ भन्ने कुरा प्रष्ट छैन । त्यस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रहेको बफर विकल्पको रूपमा प्रयोग गर्न सकिने वा नसकिने भन्ने कुरामा पनि अझै प्रस्टता भएको छैन ।

*" स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण र पुनःरोपणमा योग्य हुनको लागि कस्तो जमिन हुनुपर्छ भन्ने कुरामा धेरै सिमितता तथा जटिलता छन् । जबसम्म यस सम्बन्धी नियममा परिवर्तन हुँदैन तबसम्म यसको विस्तारको सम्भावना कम छ । "*

**प्रमोद कान्त**

*"लगानीकर्ताका लागि स्वच्छ विकास संयन्त्र अन्तर्गत वृक्षरोपण र पुनःरोपण भन्दा रेड परियोजना नै आकर्षक हुन्छ किनकि त्यस्ता वृक्षरोपण र पुनःरोपण क्रेडिटको गणना ५ वर्ष सम्म मात्र हुन्छ । "*

**अन्ना लेहेमेन**

# प्रश्न १३

## जलवायु परिवर्तन अनुकूलमा वनको भूमिका कस्तो छ ?

वन भनेको अभावको बेलामा प्रयोग हुने सुरक्षा कवच मात्र होइन; यो एसिया प्रशान्त क्षेत्रका धेरै ठाउँहरूमा ग्रामीण जनताको जीविकोपार्जनको आधार पनि हो । यी मूल्यलाई वार्ताहरूमा सम्बोधन गर्न सकिएको छैन। जब रेडप्लसलाई पक्ष राष्ट्रहरूको सम्मेलनले न्यूनीकरणको रूपमा निर्धारण गर्‍यो तब आदिबासी, स्थानीय समुदाय लगायतका समीक्षकहरूले यसलाई अनुकूलन र न्यूनीकरण दुबैमा रणनीतिको रुपमा विचार गरे ।

अनुकूलन सुनिश्चित गर्ने थुप्रै मुद्दाहरूलाई आड दिने कुरालाई समेत विचार गरेर अधिकार सुरक्षालाई अगाडि सारिएको छ । यस सन्दर्भमा हरित जलवायु कोषको सन्दर्भमा वर्गीकरणको मुद्दा एक पटक फेरि महत्त्वपूर्ण हुन्छ। हरित जलवायु कोषमा अनुकूलन र न्यूनीकरण दुबैका लागि बाटाहरू छन् तर यसमा रेडप्लस कहाँ रहन्छ भन्ने कुरा स्पष्ट छैन । यसले आफ्नो दोहोरो भूमिकालाई स्वीकार गर्दै रेडप्लसको छुट्टै बाटोको लागि पैरवी गर्न सक्छ ।

केही राष्ट्रहरूले अनुकूलन रणनीतिमा वनको भूमिका पहिचानको लागि ठोस कदम चालेका छन्। नेपालको राष्ट्रिय अनुकूलन योजना (नापा) मा वनलाई प्रमुख पक्षको रूपमा राखिएको छ । यो जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय विकाससँग सस्थागत गर्ने ठूलो प्रयास हो जसमा धेरैजसो स्थानीय स्तरका कार्यक्रमको योजना बनाउने र कार्यान्वयन गर्ने काम सामुदायिक वन उपभोक्ता समूहहरूले गर्दछन् । नापाले अनुकूलनमा गरिने ८०% बजेट स्थानीय अनुकूलन कार्य योजना (लापा) प्रक्रियामा लैजाने आदेश दिएको छ । यसबाट हामीले रेडप्लसबाट प्राप्त लाभांश वितरणका बारेमा पाठ सिक्न सक्छौं ।

डर्बानमा बोलिभियाले प्रस्ताव गरेको रेडप्लसको लागि अनुकूलन र न्यूनीकरण दुबैमा लगानी गर्ने संयन्त्र धेरै सकारात्मक थियो र यसलाई एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरू विशेष गरी फिलिपिन्सले सकारात्मक रुपमा समर्थन गर्‍यो । संयुक्त राष्ट्र संघीय संरचना महासन्धिको वन सम्बन्धी सवालमा अनुकूलनको कुरालाई पनि उठान गर्ने र ठाउँ दिने कुरामा रेडप्लससँग सम्बन्धित छलफलको ठूलो भूमिका छ। तथापि यस कार्यमा अन्य प्रक्रियाहरूको पनि योगदान भने रहेको छ जस्तै संयुक्त राष्ट्र संघीय वन मञ्च, जैविक विविधता महासन्धि, क्षेत्रीय स्तरका अन्तर्सरकारी स्तरका सञ्जाल जस्तै एएसइएएन् आदि पर्दछन् ।

वार्तामा विशेष ध्यान दिइएन भने रेडप्लस र अनुकूलनले एकअर्कालाई नजर अन्दाज गर्न सक्दछन् । तसर्थ एसिया प्रशान्त क्षेत्रका राष्ट्रहरूले यी दुई वार्ताका धारहरू एक अर्कामा सम्बन्धित गराउनु पर्दछ। भविष्यमा अझै कहाँ र कसरी यी दुई बिच तालमेल मिलाउने हो भनेर सोच्नुपर्दछ ।

*"वनमा अनुकूलन र न्यूनीकरणबीचको भिन्नता कृत्रिम हो ।"*

**रेशम डाँगी**

*"अनुकूलनको मुद्दा वनमा ल्याउनका लागि रेडप्लसलाई श्रेय दिनु पर्दछ ।"*

**भिक्की टाउली-कर्पुज**

*"अन्तर्राष्ट्रिय समुदायले वनमाथि ध्यान दिएको बेलामा हामीले अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूमा पनि वन क्षेत्रलाई समावेश गर्नुपर्ने कुरालाई प्राथमिकताका साथ उठाउनु पर्दछ ।"*

**म्याक्सिमिलियन कन्राड**

रिसाइकल गरिएको कागजमा मुद्रित

## सहयोगी संस्थाहरू

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

Federal Ministry for the Environment, Nature Conservation and Nuclear Safety

REDDnet

Norad

ASFN ASEAN Social Forestry Network

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

**Swiss Agency for Development and Cooperation SDC**